# अन्तरिम सरकारको कार्यभार

देशमा दशकौँदेखि व्याप्त कुशासन, भ्रष्टाचार र जवाफदेहिताको अभाव विरुद्ध आम नेपाली जनतामा देखा परेको गहिरो असन्तुष्टि र वितृष्णाको विस्फोटका रुपमा २०८२ साल भाद्र २३ गतेबाट शुरु गरिएको आन्दोलनको सफलताको नेतृत्व गर्दै,

जेन-जी (Gen-Z) आन्दोलनका मागहरु व्यवहारमा उतार्न पारदर्शी, जवाफदेही र दक्ष अन्तरिम सरकार गठन हुन आवश्यक रहेको तथ्य स्वीकार गर्दै,

सामाजिक, राजनीतिक, संरचनागत असफलताले संस्थागत गरेको गरिबी, सिमान्तीकरण र अर्थिक शोषण अन्त्य गर्ने दिगो संकल्प गर्दै,

नेपालको वर्तमान अन्तरिम सरकारको प्रधानमन्त्रीको रूपमा सम्माननीय पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई दृढ समर्थन गर्दै,

नेपालका राष्ट्रपति द्वारा प्रतिनिधिसभा विघटन गर्ने निर्णयलाई समर्थन गर्दै,

नेपालका सार्वजनिक संस्थाहरुमा भएको दलीयकरणको गम्भीर भत्सर्ना गर्दै,

दीगो र स्थिर सरकार निर्माण गर्नका लागी समावेशी आधारमा राष्ट्रिय संवाद गर्नु पर्ने आवश्यकतालाई आत्मसात गर्दै,

नेपालमा पहिला भएका जनआन्दोलनहरुबाट प्राप्त धर्मनिरपेक्षता, संघीयता, समानता, सामाजिक र आर्थिक न्याय, समावेशिता, गणतन्त्र र मौलिक अधिकारका सिद्दान्तको सम्मान गर्दै,

आम नेपाली जनतालाई प्रतिनिधित्व गर्ने जेन-जी आन्दोलनका मागहरूको उचित सम्बोधन हुन्छ भन्ने विश्वासका साथ अन्तरिम सरकारलाई निम्न बमोजिमका काम गर्न हाम्रो माग रहेको छ :

१. २०८२ साल भाद्र २३ देखि भाद्र २५ सम्मको आन्दोलनमा मारिएका नागरिकलाई शहिद घोषणा गर्दै उनीहरुको परिवारको आवश्यकता सम्बोधन गर्न यथासक्य परिपुरणको व्यवस्था गर्ने,

**२. २०८२ साल भाद्र २३ देखि भाद्र २५ सम्मको आन्दोलनमा राज्यद्वारा गरिएका सम्पूर्ण मानवअधिकार उल्लंघनका घटनालाई यथाशीघ्र स्वतन्त्र र निस्पक्ष छानबिन गरी दोषीलाई कारवाही गर्ने र वास्तविक आन्दोलनकारीलाई सुरक्षा प्रदान गर्ने,**

**३. अन्तरिम प्रधानमन्त्रीद्वारा गठन हुने मन्त्रिपरिषद्ले समावेशिता र समानुपातिक प्रतिनिधित्वका सिद्धान्तलाई आत्मशरण गर्दै – महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, दलित, आदिवासी जनजाति, मधेसी अपांगता भएका, पिछडिएका क्षेत्रका र युवाको प्रतिनिधित्व सुनश्चित गर्दै, जेन-जी युवासहितको विज्ञ परामर्श समूहको समेत गठन गरि सो को सुझावको आधारमा प्रशासन सञ्चालन गर्ने,**

**४. आगामी निर्वाचनमा विशेषगरी जेन-जीको सहभागिता सुनिश्चित गर्दै, स्वतन्त्र, निष्पक्ष र पारदर्शी तरिकाले निर्वाचन सम्पन्न गर्ने व्यव्सथा गर्ने ।**

**५. एउटा सशक्त, स्वतन्त्र र सक्षम आयोग गठन गरी हालसम्म भएका पदको दुरुपयोग र भ्रष्टचारका दोषीलाई कानूनी दायरामा ल्याई यथाशीघ्र कारवाही गर्ने ।**

**६. भ्रष्टाचार न्युनिकरणको लागि राजनीतिक दलसहित संघीय, प्रादेशिक र स्थानीय तहका सबै किसिमका सार्वजनिक संस्थाहरूमा सुधारको अभियानलाई प्रभावकारी रुपमा संचालन गर्ने,**

**७. निर्वाचन पछि बन्ने संसदको पहिलो म्यान्डेट अधिकतम कार्यकाल दुई पटक भन्दा बढी नहुने गरी प्रत्यक्ष निर्वाचित कार्यकारी सरकार प्रमुखको मागलाई सम्बोधन गर्ने हुनुपर्ने ।**

**८. अन्तरिम मन्त्रिपरिषद्का सबै निर्णय र कार्य सार्वजनिक रूपमा पारदर्शी ढङ्गले नागरिकहरूसमक्ष प्रस्तुत गर्ने कामको शुरुवात अहिलेवाटै हुनुपर्ने ।**

howtodeshbikas ***द्वारा तयार गरिएको***

**समर्थक :**

| | |
|---|---|
| **साक्षी :** | **हस्ताक्षर :** |
| **प्रधानमन्त्री** | **राष्ट्रपति (छाप सहित)** |